# ११.२ न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) कार्यक्रम

## पृष्ठभूमि

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निक साइमन इन्स्टिच्युटसँगको सहकार्यमा आ.व. २०७१/७२ देखि जिल्ला स्तरीय अस्पतालहरुमा अस्पताल व्यवस्थापन सुदृढिकरण कार्यक्रम सुरु गरेको हो। न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) कार्यक्रमले स्वीकृत चेकलिस्टको प्रयोग गरी विभिन्न तहका अस्पतालहरुले प्रदान गर्ने न्युनतम सेवा तयारीको अवस्थाको लेखाजोखा गरी समग्रमा अस्पताल व्यवस्थापन सुदृढिकरणमा सहयोग गर्दछ । न्युनतम सेवा मापदण्ड (MSS) अन्तर्गत मूलतः तीनवटा क्षेत्रमा अस्पताल तयारी अवस्थाको लेखाजोखा गरिन्छ, जसमा सुशासन २०% प्रतिशत, क्लिनिकल सेवा ६०% प्रतिशत र अस्पताल सहयोग सेवा २०% प्रतिशत रहेका छन ।

गण्डकी प्रदेश सरकारले सुरुवात देखिनै अस्पताल व्यवस्थापन सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिदैं आएको छ । यस प्रदेशमा रहेका ११ वटा प्रदेश सरकार अन्तर्गतका अस्पताल, ८ वटा स्थानीय सरकार अन्तर्गतका अस्पताल र एउटा संघीय सरकार अन्तर्गतको अस्पतालमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम लागु भएको छ ।

आ.व. २०७९/८० का लागि गण्डकी प्रदेशमा भएका अस्पतालहरुको सुदृढिकरण कार्यक्रम अन्तर्गत प्राईमरी अस्पताल र सेकेण्डरी A अस्पतालमा हुनुपर्ने न्युनतम सेवाको यकिन गर्नका लागि प्रदेश सरकारले न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम तपशिल बमोजिमका अस्पतालहरुमा कार्यक्रम सम्पन्न भएको छ ।

## आ.ब. २०७९/८० को पहिलो चरण

तालिका नं. १ आ.व.२०७९/८० को पहिलो चरणको MAS को नतिजा

| क्र.स. | अस्पतालको नाम | कार्यक्रम संचालन मिति | | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | जिल्ला अस्पताल, स्याङ्जा | २०७९/०६/२६ | २०७९/०६/२७ | ८३ |
| २ | जिल्ला अस्पताल, मनाङ | २०७९/०७/२० | २०७९/०७/२१ | ५० |
| ३ | जिल्ला अस्पताल, मुस्ताङ | २०७९/०७/०२ | २०७९/०७/०३ | ७६ |
| ४ | जिल्ला अस्पताल, पर्वत | २०७९/०७/०४ | २०७९/०७/०५ | ८४ |
| ५ | मातृशिशु मितेरी अस्पताल, कास्की | २०७९/०७/२३ | २०७९/०७/२४ | ७६ |
| ६ | मध्यबिन्दु अस्पताल, नवलपरासी ब.सु.पू. | २०७९/०८/२० | २०७९/०८/२१ | ८१ |
| ७ | जिल्ला अस्पताल, लमजुङ्ग | २०७९/०७/१६ | २०७९/०७/१७ | ७९ |

| क्र. स. | अस्पतालको नाम | कार्यक्रम संचालन मिति | | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ८ | जिल्ला अस्पताल, तनहुँ | २०७९/०६/२८ | २०७९/०६/२९ | ९१ |
| ९ | जिल्ला अस्पताल, गोरखा | २०७९/०८/२२ | २०७९/०८/२३ | ८६ |
| १० | जिल्ला अस्पताल म्याग्दी | २०७९/०८/०५ | २०७९/०८/०६ | ८६ |
| ११ | धौलागिरी अस्पताल, बाग्लुङ | २०७९/०८/०७ | २०७९/०८/०८ | ८५ |

## आ.ब. २०७९/८० को दोस्रो चरण


तालिका नं. २ आ.व.२०७९/८० को दोश्रो चरणको MAS को नतिजा

| क्र. स. | अस्पतालको नाम | कार्यक्रम संचालन मिति | | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | जिल्ला अस्पताल, स्याङ्जा | २०७९/१२/२७ | २०७९/१२/२८ | ८५ |
| २ | जिल्ला अस्पताल, मनाङ | २०७९/१२/१० | २०७९/१२/११ | ५३ |
| ३ | जिल्ला अस्पताल, मुस्ताङ | २०८०/०१/०३ | २०८०/०१/०४ | ७८ |
| ४ | जिल्ला अस्पताल, पर्वत | २०८०/०१/०६ | २०८०/०१/०७ | ८६ |
| ५ | मातृशिशु मितेरी अस्पताल, कास्की | २०८०/०१/०८ | २०८०/०१/०९ | ७७ |
| ६ | मध्यबिन्दु अस्पताल, नवलपरासी ब.सु.पू. | २०८०/०१/२९ | २०८०/०१/३० | ८६ |
| ७ | जिल्ला अस्पताल, लमजुङ्ग | २०८०/०१/१० | २०८०/०१/११ | ७५ |
| ८ | जिल्ला अस्पताल, तनहुँ | २०८०/०१/१२ | २०८०/०१/१३ | ९२ |
| ९ | जिल्ला अस्पताल, गोरखा | २०८०/०१/१४ | २०८०/०१/१५ | ९३ |
| १० | जिल्ला अस्पताल म्याग्दी | २०८०/०१/२४ | २०८०/०१/२५ | ८८ |
| ११ | धौलागिरी अस्पताल, बाग्लुङ | २०८०/०१/२३ | २०८०/०१/२४ | ८७ |

यस कार्यक्रमको मुख्य उद्देश्य अस्पतालबाट प्रदान गरिने न्युनतम सेवाको बारेमा जानकारी गराई कार्यन्वयन गराउन सहयोग गर्ने, अस्पताल व्यवस्थापन समितिका सदस्य तथा कर्मचारीहरुलाई उत्प्रेरित तथा सहयोग गर्नुका साथै विभिन्न विकल्पहरुको खोजि गर्ने रहेको छ ।


यस कार्यक्रमले संघिय, प्रदेश तथा स्थानीय निकाय बीच प्रत्यक्ष समन्वय कायम राख्न मद्धत राख्ने बिश्वास लिईएको छ । यस कार्यक्रम बिषेशगरि तिन चरणमा हुने गर्दछ, जसमध्ये सुरुवातमा न्युनतम सेवा मापदण्ड (MSS संचालन गर्नुपूर्वको समन्वयात्मक बैठक सम्पन्न हुन्छ भने प्राईमरी अस्पतालमा दुई दिनको र सेकेण्डरी A अस्पतालमा तिन दिने न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम संचालन गरिन्छ, साथै कार्यक्रम सम्पन्न गरिसकेपछि हरेक मासिक बैठकमा सहयोग भ्रमण गरिन्छ ।

चित्र नं. २ MSS को औषत नतिजाको तुलानात्मक विवरण




स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवामा निरन्तरताको साथै गुणस्तरीय सेवा प्रदान गर्न त्यहाँ रहेको जनशक्तिको महत्वपूर्ण भुमिका रहेको हुन्छ । जनशक्तिको उचित व्यवस्थापन भएमा मात्र जनतालाई अत्यावश्यकीय स्वास्थ्य सेवा उपलव्ध गराउनुको साथै सेवाको पहुँच बढाउन सकिन्छ ।

चित्र नं. १ आ.व. २०७९/८० मा MSS को प्रगति विवरण




गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयद्धारा आ.व. २०७९/८० मा सञ्चालन गरिएको न्यूनतम सेवा मापदण्ड कार्यक्रममा प्राइमरी अस्पतालहरु मध्ये औषतमा दमौली अस्पताल तनहुँले अधिकतम ९२ प्रतिशत प्राप्त गर्यो भने जिल्ला अस्पताल मनाङले न्यूनतम ५२ प्रतिशत प्राप्त गर्यो। त्यसै गरि सेकेण्डरी A अस्पतालहरु तर्फ गोरखा अस्पताल, गोरखाले अधिकतम ९० प्रतिशत प्राप्त गर्यो भने लमजुङ्ग अस्पताल, लमजुङ्गले न्यूनतम ७७ प्रतिशत प्राप्त गर्यो ।

आ.व. २०७९/८० मा संचालन गरिएको न्यूनतम सेवा मापदण्ड कार्यक्रममा प्राइमरी अस्पतालहरु तर्फा मुस्ताङ्ग अस्पतालले गत वर्षको न्यूनतम सेवा मापदण्डको मुल्याङकन भन्दा उल्लेख्य प्रगति गरेको पाइएको छ भने, मातृशिशुमितेरी अस्पताल कास्कीले अपेक्षित प्रगति हासिल गर्न सकेन। त्यसैगरि सेकेण्डरी ए अस्पतालहरु तर्फ मध्यविन्दु अस्पताल नवलपरासी ब.सू.पू तथा जिल्ला अस्पताल, गोरखाले अपेक्षित प्रगति हासिल गरेका छन्, अन्य अस्पतालहरुले भने गत बर्षको तुलनामा प्रगति हासिल गरेता पनि, अझै केहि पक्षहरु सुधार गर्नु पर्ने देखिन्छ ।

**MSS Software मा समावेश गरिएका स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरु**

तालिका नं. ३ MSS Software मा समावेश गरिएका स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरु

| क्र. स. | अस्पतालको नाम | पहिलो चरण | | दोश्रो चरण | |
|---|---|---|---|---|---|
| | | MSS कार्यक्रम संचालन मिति | प्रतिशत | MSS कार्यक्रम संचालन मिति | प्रतिशत |
| १. | चापाकोट अस्पताल, चापाकोट | २०७९/०५/२९-३० | ४२% | - | - |
| २. | शिशुवा अस्पताल, पोखरा | २०७८/०५/३१-०६/०१ | ६७% | - | - |
| ३. | सुन्दरबजार अस्पताल, सुन्दरबजार | २०७९/०६/०२-०३ | ४७% | - | - |
| ४. | बन्दिपुर अस्पताल, बन्दिपुर | २०७९/०६/०४-०५ | ५०% | - | - |
| ५. | दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्र मालिका | २०७९/०८/२९-०९/०१ | ४९% | २०८०/०२/१५-१६ | ३४% |
| ६. | राम्जा देउराली स्वास्थ्य चौकी, मादी | २०७९/०९/०२-०३ | २३% | २०८०/०२/२० र २२ | २७% |
| ७. | बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र ढोरपाटन | २०७९/१०/०५-०६ | ५१% | २०८०/०२/१८-१९ | ५०% |
| ८. | आँबुखैरेनी अस्पताल, आँबुखैरेनी | २०८०/०१/१५-१६ | ५४% | - | - |

आ. व. २०७६/७७ देखि नै स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा पनि क्रमश न्युनतम सेवा मापदण्ड कार्यक्रम लागु हुँदै आएको छ । स्थानीय तह अन्तर्गतका आधारभूत अस्पताल तथा अस्पताल उन्मुख स्वास्थ्य संस्थाहरुमा प्रामथिक तह स्तरको न्युनतम सेवा मापदण्डको चेकलिष्ट द्वारा गरिएको मुल्यांकनमा शिशुवा अस्पताल, पोखराको अधिकतम ६७ प्रतिशत रहेको छ भने न्युनतम रमजा देउराली

स्वास्थ्य चौकीको २७ प्रतिशत रहेको छ । हालसम्मको अवस्थालाई मध्यनजर गर्दा स्थानीय तह अन्तर्गतका स्वास्थ संस्थाहरुको न्युनतम सेवा मापदण्डको स्थितिमा सुधार गर्न स्थानीय सरकारको बिशेष पहल हुनुपर्ने देखिन्छ । साथै प्रदेश र संघीय सरकारले पनि त्यस तर्फ बिशेष ध्यान दिनुपर्ने हुन्छ।

गण्डकी प्रदेशमा रहेको एक मात्र संघीय अस्पताल पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा आ.व.२०७७/७८ देखि न्युनतम सेवा मापदण्ड कार्यक्रमा लागु भएको छ । यस आ.. २०७९/८० मा मिति २०७९/०२/२२ देखि २५ सम्म गरिएको मुल्यांकनमा पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको न्युनतम सेवा मापदण्ड स्कोर ५९ प्रतिशत आएको छ ।

## MSS कार्यक्रमको समस्या, चुनौतीहरु, हालको अवस्था र समाधानका उपायहरु

तालिका नं. ४ **MSS** कार्यक्रमको समस्या, चुनौतीहरु, हालको अवस्था र समाधानका उपायहरु

| आ.व २०७८/७९ | | | | आ.व २०७९/८० | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी | कार्यान्वयन को अवस्था | समस्या तथा चुनौती | समाधान उपाय | जिम्मेवारी |
| १ | कार्यविधि समयमा नै प्राप्त नभएको | कार्यविधि समयमा नै स्वीकृत गर्नुपर्ने | मन्त्रालय, सबै अस्पताल, स्वास्थ्य निर्देशनालय | न्युनतम सेवा मापदण्डको कार्यविधि अनुसार कार्यक्रम संचालउन भएको | | | |